# REGIONAL NEWS

# ALL INDIA RADIO GANGTOK

# NEPALI NEWS

18:40hrs 26.03.2026

<u>राज्यपाल-मुख्मन्त्री</u>

सिक्किमका राज्यपाल ओम प्रकाश माथुरले आज गान्तोक नजिकैमा अवस्थित हनुमान टोक मन्दिरमा सम्पन्न हनुमान जयन्ती उत्सवमा भाग लिनुभयो।

यस अवसरमा राज्यपालसँगै मुख्यमन्त्री प्रेम सिंह तामाङ, क्याबिनेट मन्त्रीगण, सिक्किमका डीजीपी, १७ पर्वतीय डिभिजनका जनरल अफिसर कमान्डिङ मेजर जनरल एम.एस. राठौर, वरिष्ठ सरकारी अधिकारीहरू पनि उपस्थित थिए।

उत्सवका क्रममा, राज्यपालले १७ पर्वतीय डिभिजनद्वारा आयोजित हवन यज्ञमा भाग लिँदै समस्त विश्व कल्याण, शान्ति एवम् सिक्किमका समृद्धिका लागि पूजा-अर्चा गर्नुभयो।

यस पावन उत्सवमा ठूलो संख्यामा भक्तजनको भीड लागेको थियो।

<u>निर्वाचन अपडेट (नामांकन फिर्ता)</u>

आगामी 24 अप्रेलमा सिक्किम नगरपालिक चुनाव सम्पन्न भइरहेको छ। यस चुनावमा सहभागिता जनाउँदै नामकङ्न दर्ता गर्ने उम्मेदवारहरूले आफ्नो उम्मेदारिता फिर्ता लिने प्रक्रिया चलिरहेको छ। आज नाम्ची नगर परिषद्का दुई उम्मेदवारहरूले निर्वाचन आफनो उम्मेदारिता फिर्ता लिए। यसरीनै वार्ड नम्बर १९ - तादोङका भाजपा उम्मेदवार पेम्पो दोर्जी लेप्चाले आफ्नो उम्मेदवारी फिर्ता लिएका छन्।

सिंगताम नगर पञ्चायत अन्तर्गत ०१-पिपल डाँडाकी पार्षद् उम्मेद्वार याद कुमारी कामीले पनि आफ्नो उम्मेदारिता फिर्ता लिएकी छिन्।

राङ्पो नगर पञ्चायत अन्तर्गत ०४, रङ्गपो माथिल्लो बजारकी स्वतन्त्र उम्मेदवार बिनय थापाले पनि औपचारिक रूपमा आज आफ्नो उम्मेदारिता फिर्ता लिए। यसैक्रममा गेजिङ नगर पञ्चायत अन्तर्गत वार्ड नम्बर ०५ की स्वतन्त्र उम्मेदवार तिला रूपा शर्माले पनि आज आफ्नो उम्मेदारिता फिर्ता लिएकी छिन्।।

## मुख्यमन्त्री-खो खो

सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामाङले आज गान्तोकस्थित आफ्नो सरकारी निवासमा पहिलो राज्यस्तरीय खो-खो च्याम्पियनशिप २०२६ का आयोजक समितिसँग भेटघाट गर्नुभयो।

खेलकुद तथा युवा मामिला विभागको सहयोगमा, यो च्याम्पियनशिप विभिन्न वर्गहरूमा आयोजना गरिनेछ। यस खेल प्रतियोगिताले व्यापक सहभागिता र समावेशीता सुनिश्चित गर्नेछ।

श्री तामाङले भेटघाटका क्रममा आयोजक समितिलाई च्याम्पियनशिपको भव्य सफलताका लागि शुभकामना व्यक्त गर्नुभयो। यसका साथै उहाँले यस प्रतियोगिताले खेलकुदमा सहभागी बन्न प्रेरित गर्ने आशा पनि व्यक्त गर्नुभयो।

## इन्डिया पोस्ट- PPC

इन्डिया पोस्टले आज सिक्किमको युनेस्को विश्व धरोहर स्थल 'कञ्चनजङ्घा राष्ट्रिय निकुञ्ज' मा स्थायी चित्रमय रद्दीकरण (पीपीसी) जारी गर्‍यो। पोस्टमास्टर जनरल, सिक्किम क्षेत्रीय कार्यालयद्वारा आयोजित यस विषयसँग सम्बन्धित एउटा कार्यक्रममा उक्त पीपीसी जारी गरेको थियो।

पीपीसीको उद्देश्य कञ्चनजङ्घा राष्ट्रिय निकुञ्जको महत्त्वलाई प्रकाश पार्नु र हुलाक डाकटिकटसँग सम्बन्धित पहलबाट यसका बारेमा जागरूकता प्रवर्द्धन गर्नु रहेको छ। पीपीसी एउटा विशेष डाकचिह्न हो जसमा पर्यटक, धार्मिक, ऐतिहासिक अथवा महत्त्वपूर्ण स्थान तथा वस्तुको अद्धितीय डिजाइन, छवि र प्रतीकहरू हुन्छन्।

पश्चिम बङ्गाल सर्कलका पोस्ट मास्टर जनरल सुप्रियो घोष कार्यक्रममा प्रमुख अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो।

## डीसी र एसपी -गेजिङले एलपीजी गोदाम

गेजिङ जिल्लाका जिल्लापाल तेन्जिङ डी डेन्जोङ्पा र प्रहरी अधिक्षक (एसपी) छिरिङ शेर्पा दुवैले आज संयुक्त रूपमा तिकजेकमा अवस्थित कुनफेन इन्दन ग्यास गोदाम (Indian Oil Corporation) को निरीक्षण गरे।

निरीक्षणका क्रममा प्रहरी अधिक्षक श्री शेर्पाले गोदामको स्टक स्थितिबारे समीक्षा गर्दै वितरण स्थानसँग सम्बन्धित रेकर्ड रखरखावको जाँच गर्नुभयो।

श्री डेन्जोङ्पाले सम्बन्धित अधिकारीहरूलाई तोकिएको वितरण स्थानहरूमा एलपीजी सिलिन्डरहरू समयमा पुर्‍याउन निर्देशन दिँदै सबै नागरिकहरूलाई ग्यास आपूर्ती सेवा सहजापूर्वक प्राप्त गर्न सुनिश्चित गर्नुभयो।

## <u>सोरेङ सडक बन्द</u>

पश्चिम सिक्किम अन्तर्गत जुम गाउँ भएर सोरेङ तथा अन्य  स्थानहरू जाने सडक बढोत्तरी र चिल्लो बनाउने कार्य भइरहेको छ। उक्त कार्यलाई सुचारू रूपमा सम्पन्न गराउन गेजिङ जिल्ला प्रहरी उपनीरिक्षक कार्यलयले यो सडकमा भोलिदेखि 2 मैईसम्म आईतबार बिहान 8 बजेदेखि 6 बजे साँझबाहेक अन्य दिनहरूमा सबै सवारी साधानहरूका लागि बन्द गरिएको सूचना जारी गरेको छ। यो निर्देशन भोलि बिहान ८ बजेदेखि लागू हुनेछ।

## <u>सिक्किम एमेच्योर बक्सिङ एसोसिएसन</u>

सिक्किम एमेच्योर बक्सिङ एसोसिएसनले आजदेखि १२ अप्रेलसम्म महाराष्ट्रको नागपुरमा आयोजना हुने ७ औँ (17 वर्ष मुनिका) जुनियर ब्वाइज एण्ड गर्ल्स राष्ट्रिय बक्सिङ च्याम्पियनसिप २०२६ का लागि सिक्किमका दशजाना आशाजनक बक्सरहरूको नामवली घोषणा गरेको छ।